


निःशुल्क ज्योती जागरण दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
Jyotidainik.com

सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

# दैनिक ज्योती जागरण

Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९








वर्ष: ४ | अंक : २२८ | वि.सं. २०८१ चैत ०९ शनिबार | 22 2025 Saturday, MAR | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ


## वीरगञ्जको मुख्य सडक विस्तारको विरोधमा प्रचण्ड, भने - "भत्काउनु पर्ने आवश्यकता छैन"



वीरगञ्ज । नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले वीरगञ्जको मुख्य सडक भत्काउन आवश्यक नभएको बताएका छन् ।

शुक्रवार वीरगञ्जमा आयोजित एक कार्यक्रममा बोल्दै उनले वैकल्पिक बाटोहरूको पर्याप्त उपलब्धता रहेको उल्लेख गर्दै मुख्य सडक विस्तारको प्रस्ताव अनावश्यक र अव्यवहारिक भएको तर्क प्रस्तुत गरे ।

कार्यक्रममा प्रचण्डले वीरगञ्जको सांस्कृतिक, ऐतिहासिक र आर्थिक महत्त्वलाई जोड दिँदै स्थानीय बासिन्दा र 'वीरगञ्ज बचाउ अभियान' ले उठाएका मागहरूप्रति पूर्ण समर्थन जनाए ।

"तपाईंहरूले वीरगञ्ज बचाउ अभियानमार्फत जुन आवाज उठाउनुभएको छ, त्यसमा हामी पूर्ण रूपमा तपाईंहरूसँगै छौं," उनले भने ।उनले मुख्य सडक फराकिलो बनाउने योजनाले स्थानीय जनजीवन र व्यापार-व्यवसायमा पर्न सक्ने नकारात्मक असरलाई पनि सङ्केत गरे ।प्रचण्डले वीरगञ्जको सडकको मुद्दालाई लिएर आफ्नो पार्टीले सशक्त भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने, "वैकल्पिक मार्गहरूको विकास भइसकेको अवस्थामा मूल सहरको संरचना भत्काउनुपर्ने कुनै तुक छैन । हामी यो विषयलाई सडकदेखि संसद्सम्म पुऱ्याउन तयार छौं । यो अभियानलाई बलियो बनाउन हामीले सरकारमाथि दबाब सिर्जना गर्न सक्छौं, संसद्मा यो कुरा जोडतोडले उठाउन सक्छौं र आवश्यक परेमा अदालतमा समेत यो मुद्दालाई लिएर आग्रह गर्न सक्छौं ।"

उनले स्थानीयवासीलाई ढुक्क रहन आग्रह गर्दै थपे, "तपाईंहरूको चिन्तालाई हामीले गम्भीरतापूर्वक लिएका छौं, त्यसैले कुनै पनि हालतमा वीरगञ्जको पहिचानमाथि आँच आउन दिनेछैनौं ।"

## दलितको घर भत्काएको आरोपमा गाउँपालिका अध्यक्ष र पूर्व वडाध्यक्ष पक्राउ



८ चैत, काठमाडौं । सिरहाको औरही गाउँपालिका-५ मा दीपक मरिक डोमको घर भत्काएको अभियोगमा प्रहरीले गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्व वडाध्यक्ष दिलीप यादवलाई पक्राउ गरेको छ ।

मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआइजी लालमणि आचार्यका अनुसार उनीहरूलाई २ घण्टाअघि नियन्त्रणमा लिइएको हो ।

अहिले उनीहरूलाई जिल्ला प्रहरी कार्यालय सिराहाको हिरासतमा राखिएको छ ।

पीडितबाट जाहेरी आए उनीहरूलाई सोही बमोजिम कारबाही प्रक्रिया अघि बढाइने डीआइजी आचार्यले बताए ।


छिपहरमाई गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
मधेश प्रदेश, नेपाल

### सेवा करारमा लिने सम्वन्धि सूचना

(पहिलो पटक सुचना प्रकाशित मिति : २०८१।१२।०९)

छिपहरमाई गाउँपालिका पर्साको लागि सेवा करारमा तपसिलका पदहरुमा भर्ना गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपुर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं | विज्ञापन नं. | पद/तह | मांग संख्या | न्युनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर रु | के |
|---|---|---|---|---|---|---|
| १ | ११।०८१।८२ | ना.प्रा.स. (पशु/चौथो तह) | २(दुई) | नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा उत्तिर्ण गरी काउन्सिलमा दर्ता भई अध्यावधिक भएको | ७०० | |

१. दरखास्त दिने स्थान : छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।
२. दरखास्त दिने अन्तिम मिति : २०८१।१२।२५ गते सोमवार सम्म ।
३. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन, लिखित परिक्षा तथा अन्तर्वार्ता ।
४. राजस्व बुझाउने खाताको नाम र नं. : ग १.१ आन्तरिक राजश्व खाता नं. L6CA000187452406, एन.आई.सि. एसिया बैंक भिस्वा शाखा
५. आवेदन साथ संलग्न कागजातहरु :
- नागरिकता
- न्युनतम योग्यताको लाबधांक प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र
- काम संग सम्बन्धित अनुभव भए सोको कागजात
- ३ प्रति पासपोर्ट साईजको फोटो

६.सेवा सुविधा तथा अन्य : नियमानुसार ।
७. दरखास्त भर्ने अन्तिम दिन सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्छ ।
८. विस्तृत जानकारीको लागि छिपहरमाई गाउँपालिका कार्यालय, स्वास्थ्य शाखा ।

प्रमुख प्रशासकिय अधिकृत